# हरियो वन कार्यक्रम

गोदाना महिला उपभोक्ता समूह, नेउलापुर-९, बर्दियाको

# समुदाय स्तरीय जलवायु परिवर्तन अनुकूलन योजनाको संक्षिप्त जानकारी

(आ. व. २०६९/७० देखि २०७३/७४ सम्म)

हरियो वन प्रकाशन संख्याः *समुदाय स्तरीय जलवायु परिवर्तन अनुकूलन योजना ०३३*

## परिचय

पूर्व-पश्चिम राजमार्गबाट करिब ४ किलोमिटर पश्चिम ग्राभेल सडकले जोडिएको गोदाना गाउँ बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित नेउलापुर गाउँ विकास समितिमा रहेको छ । गा.वि.स.को बीच भागबाट मध्यवर्ती क्षेत्रको सिमाना निर्धारण गरिएकाले वडा नं. ९ का मध्यवर्ती क्षेत्र भित्रका २८ घरधुरी सम्मिलित भई गोदाना महिला उपभोक्ता समूह गठन गरिएको छ । मध्यवर्ती क्षेत्रको श्रीरामनगर उपभोक्ता समिति अन्तर्गत रहेको उक्त महिला समूहले समुदाय स्तरमा जैविक विविधता संरक्षणका क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । प्रस्तुत जलवायु परिवर्तन अनुकूलन योजना निकुञ्ज तथा आसपास क्षेत्रमा वन्यजन्तुबाट सिर्जित समस्याका अतिरिक्त जलवायु परिवर्तनका कारणले सिर्जित असरहरूलाई कम गर्न समुदाय स्तरबाटै पूरा गर्न सकिने प्रयासहरूको कार्ययोजना हो । यो योजना स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०६८ (नेपाल सरकार) मा आधारित रही निर्माण गरिएको छ । अमेरिकी विकास नियोगको आर्थिक सहयोगमा सञ्चालित हरियो वन कार्यक्रम अन्तर्गत राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दिया संरक्षण कार्यक्रमको प्राविधिक सहयोग तथा नेउलापुर गा.वि.स. कार्यालय र श्रीरामनगर उपभोक्ता समितिको नेतृत्वमा प्रस्तुत योजना तर्जुमा गरिएको हो ।


२०७० जेष्ठ २९ गते आयोजना गरिएको गा.वि.स. स्तरीय गरिबीका अन्तरनिहित कारणहरू तथा जोखिम आँकलन कार्यक्रमबाट समुदाय आफैले पहिचान गरेका कारणहरूका आधारमा समुदायले नै योजना तर्जुमा गरेकाले यो योजनाको स्वामित्व र कार्यान्वयन गर्ने दायित्व समेत समुदायकै रहेको छ ।

## भू-बनावट र प्राकृतिक निर्भरता

समथर भू-भाग रहेको गोदानामा बलौटे र उर्वर माटो रहेको छ । गाउँको पश्चिम क्षेत्रबाट बग्ने ओरही खोलाले लगातार कटान गर्दै गाउँको सीमा नै करिब ५०० मिटर पूर्व सरेको छ भने झन्डै १० बिगाहा जमिन बगरमा परिणत भएको छ । नदी कटानकै कारण २ परिवार विस्थापित भइसकेका छन् भने थप ५ घर अति जोखिममा रहेका छन् । उर्वर भू-भाग बगरमा परिणत भएपछि घट्दो कृषि उत्पादनले आर्थिक भार समेत थपेको छ । समुदायको पहुँचमा रहेको नेउलापुर र कोपिला सामुदायिक वन क्षेत्रफलका हिसाबले सानो भए तापनि वन्यजन्तु र प्राकृतिक वनस्पतिका दृष्टिकोणले धनी छ । वनस्रोतमाथिको चाप र निर्भरता कम गर्ने उद्देश्यले हरियो वन कार्यक्रमले राष्ट्रिय प्रकृति संरक्षण कोष मार्फत सबै घरमा गोबर ग्यास प्लान्ट जडानका लागि सहयोग गरिरहेको छ ।

## जलवायुजन्य मुख्य जोखिमहरू

- ओरही र अम्बासा खोलाको बाढी, कटान तथा डुबान
- जङ्गली जनावरबाट आक्रमण



- घट्दो कृषि उत्पादन
- चुरे क्षेत्रबाट आउने खहरे
- कृषि तथा वन स्रोतमा मिचाहा वनस्पति प्रजातिको अतिक्रमण
- आगलागी

## योजनाको परिकल्पना

५ वर्षमा गोदाना गाउँमा जलवायुजन्य जोखिम तथा प्रकोपहरूबाट हुने क्षति कम गर्नुका साथै वन स्रातको अभिवृद्धि गरी हालका २८ घरधुरीको जीविकोपार्जनमा सुधार ल्याउने ।

## योजनाको उद्देश्य

- वृक्षरोपण तथा जैविक तटबन्धमार्फत नदीजन्य प्रकोपबाट बचाउने
- पानीको समुचित व्यवस्थापन गर्दै सुक्खाबालीको प्रवर्द्धन गरी जीविकोपार्जनमा सुधार ल्याउने
- अग्निरेखा निर्माण गर्दै मिचाहा वनस्पति प्रजाति उन्मूलन गरी सन्तुलित वातावरण निर्माण गर्दै वन तथा कृषि प्रणालीमा सुधार ल्याउने
- शौचालय र गोबर ग्यास प्रयोगलाई प्रवर्द्धन गर्दै सचेतना कार्यक्रम मार्फत स्वास्थ्यमा सुधार ल्याउने

## योजना तर्जुमा प्रक्रिया

- सङ्कटापन्न समुदाय र घरधुरीहरूको पहिचान
- अनुकूलन अभ्यास तथा अनुकूलन कार्य निर्धारण

## योजनाको विशेषता

- योजनाको तर्जुमादेखि कार्यान्वयनसम्मका सबै चरणमा सक्रिय सामुदायिक सहभागितालाई सुनिश्चित गरिएको छ ।

- योजनामा दैनिक जीवनयापनका विविध पक्षहरू जस्तैः कृषि, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, जल उत्पन्न प्रकोप, मानव स्वास्थ्य, पूर्वाधार विकास आदिलाई समेट्ने प्रयास गरिएको छ ।
- स्थानीय श्रम, सीप, ज्ञान, प्रविधि र स्रोत साधनहरूको भरपूर प्रयोग गर्दै जलवायु परिवर्तनका असरहरूसँग जुध्ने स्थानीय र परम्परागत अभ्यासलाई आत्मसात गरिएको छ ।
- सरकारी, गैरसरकारी तथा निजीक्षेत्रसँगको साझेदारीलाई प्राथमिकता दिइएको छ ।
- सामाजिक परीक्षणका माध्यमबाट आर्थिक पारदर्शिता, समावेशी र सहभागितामूलक तवरबाट योजना कार्यान्वयन भएको सुनिश्चित गरिनेछ ।

## अनुकूलन क्रियाकलापहरू

विभिन्न चरणको सामुदायिक छलफलबाट उपलब्ध तथ्याङ्कका आधारमा प्रकोपको परिवर्तित पात्रो अनुसार स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि अनुरूप सङ्कटापन्न समुदाय र घरधुरीको पहिचान गरी अनुकूलनका विकल्पहरूको विश्लेषण गर्दै जलवायु परिवर्तनका कारणले सिर्जित जोखिमहरूलाई न्यूनीकरण गर्ने कार्ययोजनालाई प्राथमिकता दिइएको छ । प्रकोप आउनुको कारण पहिचान गरी अनुकूलनका योजना तथा क्रियाकलापहरू छनौट गरिएका छन् । पञ्चवर्षीय योजनामा तपसिल बमोजिमका जोखिम क्षेत्रमा अनुकूलन योजना र क्रियाकलापहरू निर्धारण गरिएको छ ।

| जेखिमको क्षेत्र | प्रकोप/जोखिम | अनुकूलनका क्रियाकलापहरू |
|---|---|---|
| कृषि तथा खाद्य सुरक्षा | घट्दो कृषि उत्पादन | जीविकोपार्जन कार्यक्रम, कृषि बालीमा विविधीकरण, सुक्खा बालीको प्रयोग, जैविक विषादीको प्रयोग, मिचाहा प्रजातिको उन्मूलन, कृषक तालिम, वेमौसमी खेती, बोरिङ् जडान |
| वन तथा जैविक विविधता | कृषि तथा वन स्रोतमा मिचाहा वनस्पति प्रजातिको अतिक्रमण | मिश्रित प्रजाति घाँस तथा वृक्षरोपण, मिचाहा प्रजाति उन्मूलन, अग्निरेखा निर्माण, होर्डिङ् बोर्ड निर्माण, आगोजन्य पदार्थ निषेध, जनचेतना अभियान, सक्रिय वन व्यवस्थापन अभ्यास |
| मानव स्वास्थ्य | बिग्रदो मानव स्वास्थ्य | झुल प्रयोग, शौचालय, बायोग्यास र सुधारिएको चुल्हो निर्माण तथा प्रयोग |
| जलवायुजन्य प्रकोप | बाढी, कटान तथा डुबान | जैविक तटवन्ध निर्माण, विपद् राहत कोष स्थापना, बाढीको पूर्व तयारी योजना निर्माण र कार्यान्वयन |
| वासस्थान र पूर्वाधार | आगलागी | सामुदायिक आश्रय भवन निर्माण |
| संस्थागत विकास | सामाजिक उपेक्षा र वञ्चितीकरण | लैङ्गिक तथा सामाजिक समावेशीकरण, अल्पसंख्यक र बहिष्करणमा पारिएका समुदायको प्रतिनिधित्वको सुनिश्चितता, जीविकोपार्जनमा सुधार |

उपरोक्त योजना अन्तर्गतका सबै क्रियाकलापहरूलाई सम्बन्धित सेवाप्रदायक (सरकारी, गैरसरकारी, सहकारी र निजी) संस्थाले कार्यान्वयनमा सहयोग गर्दै जाने प्रतिबद्धता समेत जनाएका छन् । योजनाको कार्यान्वयनमा सहजता होस् भन्ने हेतुले हरेक क्रियाकलापलाई स-साना कामको एकाईमा समेत वर्गीकरण गरी योजना कार्यान्वयन सुरू गरिएको छ ।




## कार्यान्वयन प्रक्रिया

योजनाको कार्यान्वयनका लागि तलको चित्रमा देखाइएको विधि अवलम्वन गरिनेछ ।




## कोषको व्यवस्था

योजना कार्यान्वयनका लागि छुट्टै कोष स्थापना गरिने छ । सेवा प्रदायक निकायबाट कोष संकलन गरी त्यसको सञ्चालनका लागि सामुदायिक कोष सञ्चालन कार्यविधि २०६९ तर्जुमा गरिएको छ ।

## अनुगमन तथा मूल्याङ्कन

योजनाको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि सरोकारवाला समेतको सहभागितामा समावेशी तरिकाले अलग्गै ७ सदस्यीय अनुगमन समिति गठन गरिएको छ । सो समितिले सहभागितामूलक अनुगमन, मूल्याङ्कन, पुनरावलोकन/परावर्तन तथा सिकाइ योजना बमोजिम तोकिएको समयावधिमा आफ्नो प्रतिवेदन तथा सुझावहरू सम्बन्धित सरोकारवाला निकायमा पेश गर्नेछ ।


**थप जानकारीका लागि**

गोदाना महिला उपभोक्ता समूह
नेउलापुर-९, बर्दिया

राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दिया संरक्षण कार्यक्रम
ठाकुरद्वारा, बर्दिया, फोन नं: ०८४-४०२०४६
वेबसाइट: www.ntnc.org.np इमेल: bcp@ntnc.org.np


USAID FROM THE AMERICAN PEOPLE


**डिस्क्लेमरः** यो समुदाय स्तरीय जलवायु परिवर्तन अनुकूलन योजना अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (यूएसएड)को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तुले अमेरिकी सरकारको धारणाको प्रतिनिधित्व गरेको मानिने छैन ।